## आ.व. २०६९/०७० मा साक्षरता कार्यक्रमको प्रगति विवरण:

| कूल गा.वि.स. संख्या | सञ्चालित कक्षा | लक्षीत सहभागी | | | साक्षर भएको कूल संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १२ | ६४८ | १२०६३ | ६४५३ | १८५१६ | १०५७२ | ६३३६ | १६९०६ |

**आ.व.२०७०/०७१मा साक्षरता कार्यक्रम लागु भएका गा.वि.स./न.पा. क्षेत्रहरु:**

निर्वाचन क्षेत्र नं. १ - मत्सरी गा.वि.स. र गौर न.पा.को वडा नं १, २ र ३
निर्वाचन क्षेत्र नं. २ - औरैया र राजपुर फरहदवा गा.वि.स.
निर्वाचन क्षेत्र नं. ३ - धरहरी र पतौरा गा.वि.स.
निर्वाचन क्षेत्र नं. ४ - गरुडा बैरिया र गढो गा.वि.स.
निर्वाचन क्षेत्र नं. ५ - फतुवा हर्षाहा र विर्तिप्रष्टोका गा.वि.स.
निर्वाचन क्षेत्र नं. ६ - जुडिवेला, पौराई र चन्द्रनिगाहपुर गा.वि.स. ।

**चालु आ.व..२०७०/०७१ मा साक्षरताको लक्ष्य :**

कूल लक्ष्य - २६,००० जना
(लक्षीत तर्फ १८,२०० जना र साझेदारी र स्वयंसेवाबाट ७,८०० जना )

# साक्षर रौतहट अभियान सफल पारौं

**साक्षर नेपाल अभियान अन्तर्गत यस रौतहट जिल्लामा पनि सघन रुपमा साक्षरता कक्षाहरु सञ्चालन भैरहेका छन् । अत: आफ्नो घर, परिवार, छरछिमेक प्रौढहरुलाई साक्षरता कक्षामा पठाई रौतहटलाई पूर्ण साक्षर जिल्ला बनाउने अभियानमा सहयोग गरौं । सामाजिक अभिसापको रुपमा रहेको निरक्षरतालाई उन्मूलन गरी चेतना, विकास र सभ्यताको परिचय दिऔं ।**

**-जिल्ला शिक्षा कार्यालय, रौतहट**

# साक्षरताको मापदण्ड

- राष्ट्रभाषा वा मातृभाषाका वर्ण/अक्षर पढ्न र लेख्न सक्ने,
- नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र वील पढ्न सक्ने,
- आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने,
- मोबाइल र क्यालकुलेटरका अङक र अक्षर चिनी प्रयोग गर्न सक्ने,
- ०–९ सम्मका अङ्क अक्षर लेख्न सक्ने,
- १ देखी १०० सम्म गणना गर्न सक्ने,
- लेनदेनका हरहिसाब राख्न सक्ने,
- सरल चित्र, पोस्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न सक्ने,
- सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रिय सहभागिता देखाउन सक्ने ।
- घडी हेरेर समय बताउन सक्ने,
- भित्तेपात्रो हेरी तिथिमिति बताउन सक्ने,
- बैंक भौचर भर्न र चेक खिच्न सक्ने ।